# गल्याङ नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

गल्याङ, स्याङ्जा,गण्डकी प्रदेश ,नेपाल

# नीति तथा कार्यक्रम

आ. व. २०७९/०८०

# गल्याङ नगरपालिकाको नगरसभाको ११औ अधिवेशनमा

## नगर प्रमुख एवं नगरसभाका अध्यक्ष

## गुरु प्रसाद भट्टराईद्धारा

## प्रस्तुत

# आर्थिक वर्ष २०७९/०८० को

# नीति तथा कार्यक्रम

गल्याङ नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

गल्याङ, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

वि.सं.२०७९ साल असार१०गते

**नगरसभाका सदस्यहरु,**

- ✍ नेपालको संविधान जारी भए संगै संघीय शासन प्रणाली र लोकतन्त्र संस्थागत हुने गरी आवधिक रुपमा सम्पन्न भएको स्थानीय तह निर्वाचन २०७९ पश्चात गल्याङ नगरपालिकाको गरिमामय नगरसभामा आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदाँ गौरवान्वित भएको छु।
- ✍ नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा नेपालको संविधान,स्थानीय सरकार संचलन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दिगो विकास लक्ष्य, स्थानीय विकास रणनीति, नेपाल सरकारको पन्ध्रौ योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षिय योजना र संघ तथा प्रदेश सरकारले लिएका नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिएको छु।
- ✍ नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र प्राप्तिका लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु। ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरुलाई उच्च सम्मान व्यक्त गर्दछु, साथै नेपाली समाजको रुपान्तरणका लागि पुर्‍याउनु भएको महान योगदानको पुनःस्मरण गर्न चाहन्छु।

**नगरसभाका सदस्यहरु,**

अब म विषयगत तथा क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

### ♦ शिक्षा भाषा कला तथा साहित्य

- ✓ गल्याङ नगरपालिकाभित्र सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थी संख्याको २० प्रतिशत र क्याम्पसमा अध्ययनरत विद्यार्थी संख्याको १० प्रतिशत गरिव, विपन्न र जेहेन्दार विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्ति प्रदान गरिनेछ ।

- ✓ नगर भित्र स्थानीय पाठ्यक्रम र परीक्षा प्रणाली कार्यान्वयनको सुरुवात गरिनेछ ।
- ✓ शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि मागमा आधारित तालिम र पेशागत दक्षताको लागि उत्प्रेरणामुलक तालिमहरु प्रदान गरिनेछ ।
- ✓ गल्याङ नगरपालिकामा स्थायी वसोवास गर्ने विद्यार्थीहरुले विद्यावारिधि गर्दा विशेष आर्थिक सहायता प्रदान गरिनेछ ।
- ✓ सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यलाई संघ प्रदेश सरकारको समन्वयमा र सहकार्यमा सम्पन्न गरिने छ।
- ✓ अभिभावक विहिन, अति विपन्न तथा बालबालिकाहरूको लागि आवश्यक शैक्षिक सामाग्रीको व्यवस्था मिलाइनेछ।
- ✓ गल्याङ बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि गर्दै यस क्याम्पसलाई नमुना शैक्षिक केन्द्रको रुपमा विकास गर्न आवश्यक पहल गरिने छ।
- ✓ विद्यालयको समग्र पक्षको सुधारका लागि नियमित अनुगमन मुल्याङकन र नियमनलाई थप प्रभावकारी बनाउदै परिणाममुखी बनाइने छ।
- ✓ कक्षा ३, ५ र ८ को नगरस्तरीय स्तरमापन परीक्षा संचालन गरिने छ। उत्कृष्ट विद्यालयलाई पुरस्कृत गरिने छ।

- ✓ खोज अनुसन्धान तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न अन्तरपालिकाको सहकार्य र समन्वयमा एक शैक्षिक अनुसन्धान केन्द्र **Innovation Center)**को स्थापना गरिनेछ।
- ✓ वालबालिका संग नगरप्रमुख कार्यक्रम संचालन गरिनेछ ।
- ✓ कक्षा ९ – १२ मा अध्ययनरत छात्राहरुलाई आत्मरक्षाका तालिमहरु प्रदान गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

- ✓ नृत्य, गायन बक्तत्वकला लेखन तथा पठनशैली लगायतका विधाहरुमा आधारित भई विद्यार्थिहरुको क्षमता अभिवृद्धिका लागि **Galyang Talent Show** कार्यक्रमको आयोजना गरिने छ।
- ✓ शिक्षा भाषा तथा साहित्यको विकासका लागि एक गल्याङ प्रज्ञा प्रतिष्ठान गठन गरिने छ।
- ✓ शिक्षकहरुलाई प्रविधिको माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न क्षमता विकास कार्यक्रम ल्याइने छ।
- ✓ समाजलाई सुसंस्कृत सभ्य एंव नैतिकवान बनाई अनुशासित मर्यादित योग्य र सक्षम नागरिक उत्पादन गर्न गुरुकुल शिक्षा (पूर्विय दर्शन) लाई प्रभावकारी बनाइने छ।
- ✓ नगरभित्रका विद्यालय तथा सामुदायिक भवनहरुमा संघसंस्थाहरुको समन्वयमा पुस्तकालय तथा वाचानालयहरु समेत थप गरि सामुदायिक सिकाई केन्द्रका रुपमा विकास गरिने छ।
- ✓ किशोरावस्थाका युवायुवतीहरुमा बढ्दो लागु औषध तथा दुर्व्यसनीलाई न्यूनिकरण एंव निर्मुल गर्न क्याम्पस तहका विद्यार्थी तथा एक विद्यालय एक शिक्षकहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम TOT को व्यवस्था मिलाई आधारभुत तथा माध्यामिक तहका विद्यार्थिहरुलाई प्रशिक्षित गरि सचेतना अभियान संचालन गरिने छ।
- ✓ सफा विद्यालय सुन्दर विद्यार्थी अभियानका लागि कम्पाउण्ड तथा कक्षाकोठाको सरसफाई उत्कृष्ट राख्ने विद्यालयलाई पुरस्कृत गरिने छ।
- ✓ अर्धवार्षिक रुपमा नगर शिक्षा सभाको आयोजना गरिने छ।
- ✓ शैक्षिक क्यालेण्डरको निर्माण गरि प्रभावकारी कार्यान्वयन गरिने छ। निश्चित मापदण्ड तयार गरि शैक्षिक गुणस्तर वृद्धि गरिने छ।
- ✓ बालविकास तथा पूर्व प्राथमिक तहका शिक्षकहरुलाई पेशागत विकास तालिम व्यवस्थापन गरिने छ।
- ✓ उत्कृष्ट शिक्षक,विद्यार्थी,अभिभावक सम्मान कार्यक्रम संञ्चालन गरिने छ।

- ✓ शिक्षकहरुका विचमा मैत्रीपूर्ण प्रतिस्पर्धाको लागि शैक्षिक विषयवस्तुमा आधारित प्रतियोगितात्मक कार्यक्रमको आयोजना गरिने छ।
- ✓ विद्यालयको लागि मर्मत तथा सम्भार कार्यका लागि आवश्यकताका आधारमा बजेट व्यवस्था गरिने छ।
- ✓ त्रैमासिक रुपमा प्र.अ. नगरप्रमुख अन्तरकृया कार्यक्रमको आयोजना गरिने छ।
- ✓ नरोदय माध्यमिक विद्यालय पिडीखोला,सार्वजनिक माध्यमिक विद्यालय मालुङ्गामा संचालित कृषि प्राविधिक शिक्षा र महेन्द्र दर्शन माध्यामिक विद्यालयमा संचालित प्राविधिक शिक्षा कार्यक्रमलाई थप सुदृढ बनाई योग्य जनशक्ति उत्पादनमा जोड दिइने छ।
- ✓ वालवालिकाहरुलाई घर तथा विद्यालयको वातावरणले पार्ने मनोवैज्ञानिक असरका बारेम सचेत तुल्याउन अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने छ।
- ✓ उपप्रमुखसंग शिक्षिका कार्यक्रम संचालन गरिने छ।
- ✓ असल खानपान र शारीरिक तन्दुरुस्ति संबन्धी शिक्षाका लागि ***एक विद्यालय एक योग गुरु*** बनाउन योगा प्रशिक्षक प्रशिक्षण संचालन गरिने छ।
- ✓ नगरभित्रका सामुदायिक विद्यालय तथा सार्वजनिक क्याम्पसहरुलाई संघ र प्रदेश सरकारसंगको सहकार्यमा आवश्यक पूर्वाधार तथा संचालन अनुदान प्रदान गरिने छ।
- ✓ निजी तथा संस्थागत विद्यालयहरुलाई विद्यार्थीको क्षमता विकासका लागि रचनात्मक क्रियाकलाप संचालनको लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिने छ।
- ✓ प्रत्येक सामुदायिक विद्यालयमा फष्ट एड**(First Aid)** र छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड सामग्री उपलब्ध गराउने नीति लिइने छ।

- ✓ शैक्षिक संस्था,आमा समुह, रेडक्रस, युवा क्लव र विभिन्न गैरसरकारी संस्थाहरुको सहकार्यमा युवा परिचालन गरि मानविय सेवा, विपद व्यवस्थापन तथा वातावरण संरक्षण जस्ता कार्यलाई प्रभावकारी बनाइने छ।
- ✓ नगरभित्रका विद्यालयहरु लाई प्रविधिमैत्री बनाउन सूचना प्रविधिको विस्तार र सुधारमा जोड दिइनेछ।

♦ **जनस्वास्थ्य तथा पोषणः**

- ✓ गल्याङ नगर अस्पताललाई विशेषज्ञ सेवा सहितको अस्पालको लागि आवश्यक मापदण्ड पुरा गर्न O & M गरि स्तरोन्नती गर्दै केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त सुविधा बढोत्तरीमा जोड दिइने छ। र मालुङ्गा प्राथमिक स्वास्थ्य केन्द्रलाइ विशेषज्ञ सेवा सहितको अस्पतालका रूपमा स्तरोन्नति गरिनेछ।
- ✓ जेष्ठ नागिरक, अपाङ्गता भएका व्यक्ति, दीर्घ रोगी, अशक्त,असहाय व्यक्तिहरुको समय समयमा घरदैलोमै पुगी सुगर, प्रेसर, युरिक एसिड, मोतिया बिंन्दु लगाएतका रोगहरूको घुम्ती टोली पठाइ स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिनेछ ।
- ✓ आधारभूत स्वास्थ्य सेवाका लागि संघ र प्रदेशसंग समन्वय गरि सेवा उपलब्ध नभएका वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरि प्रभाकारी सेवा सुविधा उपलब्ध हुने व्यवस्था मिलाइनेछ।
- ✓ स्वस्थ नगर स्वास्थ्य नागरिक कार्यक्रम संचालन गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ।
- ✓ समुदाय र विद्यालयमा जनस्वास्थ्य प्रवर्द्धन र सचेतनाको लागि विद्यालय नर्स,समुदाय नर्स जस्ता कार्यक्रम संचालन गरिने छ।
- ✓ विभिन्न सरकारी तथा गैरसरकारी सामुदायिक तथा नीजि स्वास्थ्य संस्थाको साझेदारीमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरिने छ।

- ✓ नगरमा एम्वुलेन्स सेवाको विस्तार र प्रभावकारी संचालनको व्यव्था गरिनेछ स्थानीय संघसंस्थासंगको सहकार्यमा जोड दिइने छ।
- ✓ नगरमा एक योग तथा प्राकृतिक अस्पताल स्थापना गरि नगरकै बैकल्पिक चिकित्सा उपचार केन्द्रको रुपमा प्रवर्द्धन गरिनेछ ।
- ✓ क्यान्सर, मृगौलाफेल, मुटु रोग, पक्षघात जस्ता दीर्घ रोगका रोगीलाई संघीय सरकारद्धारा घोषित राहत कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरिने छ।
- ✓ दुई वर्षभित्र नगरका सबै प्राथमिक स्वास्थ्य चौकमा सुरक्षित मातृत्व तथा सूरक्षित शिशु जन्मका लागि वर्थिङ्ग सेन्टरको निर्माण गरि गुणस्तरीय सेवा प्रवाह गरिनेछ।
- ✓ नगरका हरेक नागरिकहरुलाई स्वास्थ्य विमा गर्न प्रोत्साहन गरिने छ । साथै आर्थिक विपन्नताको कारण स्वास्थ्य विमा गर्न असमर्थ अति विपन्न नागरिकको निशुल्क विमाको प्रवन्ध मिलाइने छ।
- ✓ उपप्रमुखसंग आमा सूरक्षा कार्यक्रम संचालन गरिने छ। गर्भवति महिलाहरुको स्वास्थ्य रक्षाको लागि निशुल्क अण्डा वितरण गरिने छ।
- ✓ मिर्गौला प्रत्यारोपण, डायलसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातको बिरामीलाई औषधि उपचार बापत आर्थिक सहायता उपलब्ध गराइनेछ ।
- ✓ महिला स्वास्थ्य संयमसेविकाको सेवालाई थप प्रभावकारी बनाउन प्रोत्साहनका कार्यक्रम अगाडी बढाइने छ।
- ✓ समुदायमा आधारित स्वास्थ्य स्वयसेवक, स्वास्थ्य आमा समुह, टोल विकास संस्था, सहकारी, युवा क्लव, बाल क्लव जस्ता संघ संस्था परिचालन गरि सामुदायिक स्वास्थ्य कार्यक्रम संचालन गरिने छ।
- ✓ नगरभित्र पाठेघरको क्यान्सरको पहिचान तथा मृगौला परीक्षणको दायरा फराकिलो बनाई समयमा नै रोग पहिचान गरि रुग्णता तथा मृत्युदर कम गरिने छ।
- ✓ **स्वस्थ बालक उज्वल भविष्य** भन्ने कार्यक्रम अन्तरगत सम्पूर्ण शिशुहरुको पोषणयुक्त खान पुर्णखोपको सुनिश्चितता गर्दै कुपोषणमुक्त वडा घोषणाकार्यक्रमको सुरुवात गरिने छ।

- ✓ जिमुहा, वेलचौर र पेलाकोटमा शहरी स्वास्थ्य ईकाइ स्थापना गरिने छ।
- ✓ बिद्यालयमा स्वास्थ्य शिक्षा र गाउमा गाउँघर क्लिनिक तथा स्वास्थ्य शिविर अभियानका रुपमा संचालन गरिनेछ।
- ✓ महिला शिक्षकलाई प्रजनन स्वास्थ्य सम्बन्धी तालिम दिई छात्राहरुको प्रजनन स्वास्थ्य सम्बन्धि प्रारम्भिक समस्या समाधान गरिने छ।
- ✓ समाजमा रहेका विभिन्न अस्वस्थ्य नागरिक तथा दिर्घ रोगीको रोगको अवस्था पत्ता लगाउन **Diseases Screening** कार्यक्रम संचालन गरिने छ।

## ♦ कृषि तथा पशुपालनः

- ✓ कृषि पेशालाई वैज्ञानिक ढङ्गबाट व्यवस्थापन गरि कृषिको व्यवसायीकरण, विविधिकरण,यान्त्रिकरण, तथा बजारीकरणमा जोड दिई गल्याङ नगरपालिकालाई आत्मनिर्भर बनाउने नीति लिइनेछ । संघीय तथा प्रादेशिक सरकार तथा गैरसरकारी संस्थाहरुको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ।
- ✓ कृषक समुह पहिचान तथा वर्गिकरण तथा सूचिकरण गरि कृषि क्षेत्रको दिगो विकासका लागि बाह्रेमास सिंचाई सुविधा पुर्याउन र वास्तविक किसानलाई आवश्यक उन्नत विउविजन मलखाद र यान्त्रीकरणको व्यवस्था गरिनेछ।
- ✓ नेपाल सरकारको कार्यक्रम बमोजिम भुमि बैंकको स्थापना गरि बाझो रहेको खेतियोग्य जमिनलाई लिजमा लिई वेरोजगार युवाहरु लक्षित कृषि कार्यक्रम लागु गर्ने नीति अवलम्बन गरिने छ । त्यस्ता जमिनको लिज समितिको गठन गरि कृषकहरुलाई हस्तान्तरण गर्ने व्यवस्थापन गरिने छ।
- ✓ रसायनिकमलको प्रयोग न्यूनिकरण तथा वातावरण संरक्षणको लागि प्राङ्गारिक मल उत्पादन गरि अर्गानिक खेतिमा प्रोत्साहन गरिने छ।
- ✓ खेतबारीमै कृषि प्राविधिकको सेवा उपलब्ध गराइनेछ यसका लागि प्रत्येक वडामा एकजना कृषि/ पशु प्राविधिकहरु खटाई 'कृषक सँगै प्राविधिक' कार्यक्रम सञ्चालन गरिनेछ ।

- ✓ उत्पादनमा आधारित अनुदान उपलब्ध गराई कृषकलाई प्रोत्साहन गरिनेछ।
- ✓ कृषि क्षेत्रमा हाल आएर मुख्य समस्याको रुपमा रहेको बाँदरको समस्यालाई विभिन्न पक्ष र छिमेकी पालिकाहरुसंगको समन्वयमा अल्पकालिन र दिर्घकालिन योजना बनाई कार्यान्वयन गरिने छ।
- ✓ ब्यावसायिक रुपमा उत्पादन भएका वस्तुहरूको न्यूनतम समर्थन मूल्य (MSP) तोकिनेछ । कृषि उपजको लागि उचित वितरण प्रणालीको विकास गरिनेछ।
- ✓ कृषि यान्त्रीकरण मार्फत उत्पादन लागत तथा श्रम न्यूनिकरण गरिने छ।
- ✓ माटो उपचार शिविर तथा घुम्ति बाली शिविर संचालन गरिने छ माटो अनुसार खेतिको विस्तार गरिने छ।
- ✓ विउविजन प्रयोगशालासंग समन्वय गरि खाद्यान्न तथा तरकारीको विउ उत्पादनमा जोड दिइने छ।
- ✓ संघीय तथा प्रादेशिक सरकारसंगको समन्वय र सहयोगमा सुन्तला कागती अदुवा तरकारी तथा आलु पकेट कार्यक्रम संचालन गरिने छ।
- ✓ विउ आलु उत्पादन र विउ विषादी मेशिनरीमा अनुदानको व्यवस्था गरिने छ।
- ✓ कृषि क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै उत्कृष्ट कृषक सम्मान कार्यक्रम व्यवस्था गरिने छ।
- ✓ कृषि जैविक विविधता तथा अनुवशिंय गुण संरक्षणका लागि रैथाने बाली संरक्षण कार्यक्रम संचालन गरिने छ।
- ✓ मागमा आधारित संघिय सरकारको सहयोग उपलब्ध खाद्यान्न विउ वितरण कार्यक्रम संचालन गरिने छ।
- ✓ मौरी तथा च्याउ खेति मार्फत निम्न वर्गिय समुदायलाई आयश्रोतको बाटो श्रृजना गरिने छ।
- ✓ विभिन्न सहकारीसंगको सहकार्यमा कृषिजन्य वस्तुहरुको उत्पादन बजारीकरणका कार्यक्रम संचालन गरिने छ।
- ✓ सुन्तलाको भण्डारणका लागि कोल्ड रुम तथा कोल्ड स्टोरको स्थापनाका लागि संघ र प्रदेशसंग समन्वय र सहकार्यमा कार्यक्रम संचालन गरिने छ। वडा नं.५

र ७ मा सुन्तला खेतीको थप क्षेत्र विस्तारका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ वडा नं.६ र ८ मा सुन्तला खेतिको सम्भाव्यता अध्ययन गरिने छ।

- ✓ एक वडा एक नर्सरी कार्यक्रम संचालन गर्न वागवानी श्रोतकेन्द्रसंग सहकार्य गरिने छ।
- ✓ कृषिमा संलग्न जनशक्तिको सीप, क्षमता एवं दक्षता विस्तार गर्दै रोजगारीका अवसर वृद्धिका लागि प्रदेश सरकारको सहकार्यमा स्वरोजगारमूलक व्यवसायिक कृषि तालिम,र प्राङ्गारिक खेतीलाई जोड दिदै (IPM) कृषि पाठशाला संचालन गरिनेछ ।
- ✓ प्रस्ताव र मागको आधारमा ५० प्रतिशत अनुदानमा कृषि औजार उपकारणमा अनुदान दिने व्यवस्था गरिने छ।
- ✓ कृषि पर्यटन आकर्षित गर्न पकेट क्षेत्रका अलवा कृषि होमस्टेका लागि कार्यक्रम अगाडी बढाइने छ।
- ✓ नगरपालिकाको उच्च भागमा अकवरे खुर्सानी ओखर तथा वेमौसमी तरकारीको व्यवसायिक उत्पादनका लागि कृषकहरुलाई अभिप्रेरित गरिने छ।
- ✓ आँप लिचि केरा फलफुल खेतीको व्यवसायिक उत्पादनमा जोड दिइने छ।
- ✓ माग र आवश्यकतामा आधारित कृषि कार्यक्रम संचालन गरिने छ।
- ✓ ग्रामिण कृषि सडकको विस्तार तथा स्तरोन्नती गरि कृषि उत्पादनमा वृद्धि गर्दै बजारसम्मको पहुँच विस्तार गरिने छ।

- ✓ महिला,दलित,उत्पिडित, जनजाति, असाहय, अनाथ, अपाङ्ग,एकल महिला तथा सिमान्तकृत समुदायलाई लक्षित व्यवसायिक कृषि कार्यक्रमहरु संचालन गरिनेछ।
- ✓ कृषकहरुको सीप क्षमता र दक्षता वृद्धि गर्न तालिम भ्रमणको व्यवस्था गरिने छ।
- ✓ विभिन्न नगदे वालि विस्तार गरि सुन्तला कागति को व्यवसायीक उत्पादन क्षमता बढाउन उन्नत जातका वेर्ना वितरण गरिने छ।
- ✓ व्यवसायिक अदुवा खेतिलाई निरन्तरता दिदै नेपाल सरकारसंगको समन्वयमा मसला बाली विकासका कार्यक्रमहरु संचालन गरिने छ।

- ✓ सम्पास, वेलचौर, पाखिचौर, जिमुहा, कर्मचौर, छर्ति, लल्याङ,दिमिक र पिडीखोला लगायतका फाटहरुमा आलु उत्पादनलाई केन्द्रित गरि नगरभित्रका चिसो हावा पानी भएका माथिल्लो भौगोलिक क्षेत्रमा वर्षे आलु उत्पादन गरि आलुमा वर्ष भरी आत्मनिर्भर भई निर्यातमा जोड गरिने छ।
- ✓ पशु (गाइ/भैसी/ बाख्रा,वंगुर) विमाको व्यवस्थाका लागि विमा प्रिमियम केन्द्रिय सरकारबाट ८० प्रतिशत र नगरपालिकाबाट २० प्रतिशत अनुदानको व्यवस्था गरि पशु विमा निःशुल्क गरिने छ।
- ✓ संघ र प्रदेश सरकारको सहलगानीमा घाँसमा स्रोत केन्द्रको निर्माण गरिने छ।
- ✓ कृषकलाई दुधमा दिदै आएको अनुदानमा निरन्तरता दिदै, बजारभाउ अनुसारको मूल्यको सुनिष्चितता प्रदान गर्दै अनुदानलाई समय सापेक्ष बृद्धि गरिनेछ।
- ✓ बाख्रा,वंगुर र कुखुराको व्यवसायिक उत्पादनका लागि पकेट क्षेत्र तोकि सामुहिक तथा उद्यमीहरुसंगको सहकार्यमा  कार्यक्रम संचालन गरिने छ।
- ✓ रोग पहिचान र उपचारको निम्ति आधारभूत  प्रयोगशाला स्थापनामा जोड दिइने छ।
- ✓ पशु आहारमा अति आवश्यक पर्ने घाँस विकासलाई मध्यनजर गर्दै हिउदे वर्षे भुईघाँस र डालेघाँसका विउ तथा विरुवा वितरणका कार्यक्रम गरिने छ।
- ✓ स्वच्छ पशु तथा पशुजन्य पदार्थ उत्पादनका लागि नगरका सबै वडामा पशु स्वास्थ्य कार्यक्रम शिविर संचालन गरिने छ।
- ✓ पशुका उन्नत नश्ल सुधार कार्यक्रम संचालन  गरिने छ सम्भाव्यताका आधारमा यस नगरलाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउन गाइभैसी, वंगुर, कुखुरा र वाख्रापालन कार्यक्रम संचालन गरिने छ।
- ✓ जथाभावि छाडा छोडिएका पशु तथा वृद्ध पशुलाई आश्रम दिने उद्देश्यले ग न पा १ राम्दी र गन पा ११ बन्नेडाडामा संचालित गौशाला व्यवस्थापनको लागि कार्यक्रम संचालन गरिनेछ।
- ✓  संघ तथा प्रदेश सरकारको समन्वयमा रेविज विरुद्धको खोप कार्यक्रम संचालन गरिनेछ।

♦ **उद्योग, वाणिज्य तथा आपूर्ति।**

- ✓ नेपाल सरकार र प्रदेश सरकारको सहकार्यमा पूर्वाधार विकास सहितको एक उद्योगग्राम संचालन गर्न जग्गा व्यवस्थापन गरि विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ।
- ✓ सामूहिक लगानी गरी स्वदेशमै घरेलू , साना तथा मझौला उद्योग खोल्न प्रेरित गरिनेछ ।
- ✓ गुन्द्रुक वेसार अचार घरेलु मदिरा लगायतका स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्दै प्रशोधन र प्याकेजिङ गर्न सहकारी संस्थाहरुसंग समन्वय गरी उत्पादन कार्यक्रममा जोड दिइने छ।
- ✓ महिला शसक्तिकरण कार्यक्रम अन्तर्गत स्यानेटरी प्याड वितरण चप्पल अचार कोदोको पिठो मकैको आटो प्रशोधन तथा प्याकेजिङ कार्यक्रम ल्याइने छ।
- ✓ दिगो आर्थिक उपार्जनका लागि नगर भित्र सम्भाव्य रोजगारीमुलक र उत्पादनमुलक उद्योग स्थापनाका लागि विस्तृत अध्ययन गरि ***Make in Galyang*** कार्यक्रम सञ्चालनका लागि पहल गरिने छ।
- ✓ लक्षित समुहलाई सिप विकास तथा प्रविधि हस्तान्तरणमार्फत ***एक घर एक सिप*** विकास गरी रोजगारी प्रवर्धन गरिनेछ ।
- ✓ परम्परागत सिलाई पेशा अंगाल्दै आएका दलित उत्पिडित समुदायलाई प्रोत्साहित गर्दै सबै वडामा सिलाई तालिम संचालन गरी उद्यमशिलता विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- ✓ घरेलु तथा साना उद्योगको विकास र प्रवर्धनमा जोड दिइने छ।लघू उद्यम कार्यक्रम मार्फत स्थानीय प्रविधि र सिप संरक्षण तथा विकास गरिने छ।
- ✓ निकासीजन्य वस्तुहरुको पहिचान गरी उत्पादन तथा प्रशोधन कार्यमा जोड दिइनेछ ।
- ✓ नगर भित्रका व्यापार व्यवसायलाई दर्ता,नियमन कार्यमा निरन्तरता दिई झिटीगुन्टा व्यापार र दर्ता नगरी संचालन गरेका व्यवसायलाई व्यवसाय दर्ताको लागि प्रोत्साहन गरीने छ ।

- ✓ आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्द्धनका लागि गल्याङ नगरको बजार क्षेत्रभित्र सुविधा सम्पन्न होटलहरु संचालनका लागि होटल ग्रुपसंग सहकार्य गरिने छ।
- ✓ दैनिक उपभोग्य सामाग्रीहरुको गुणस्तर कायम राख्न बजार अनुगमन मुल्याङ्कन गरि मुल्यवृद्धि नियन्त्रणमा ध्यान दिइने छ।
- ✓ वजार क्षेत्रको पार्किङ समस्यालाई व्यवस्थित बनाइने छ।
- ✓ मदिरा तथा सुर्तीजन्य वस्तु विक्री वितरणलाई कानुन बमोजिम व्यवस्थित गरिने छ ।

♦ **पुर्वाधार विकासः**(उर्जा,सडक, पूल, भवन, शहरी विकास, ढल)

- ✓ पुर्वाधार विकास सम्बन्धी नीति, सडक  गुरुयोजना तथा मापदण्ड बनाई लागु गरिनेछ।
- ✓ वडा नं.३ र ११ मुड्किल्ला मा नगरस्तरिय अत्याधुनिक सुविधा सहितको वसपार्क निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार र आवश्यक जग्गा व्यवस्थापन गरिने छ।
- ✓ नगरपालिकालाई अन्य पालिकाहरुसंग जोड्ने पक्की पुल, वडा नं. २ र ४ जोड्ने आधिखोलामा र  वडा नं. ९ जामुने  पाल्पा साठी जोड्ने कालीगण्डकीमा झोलुङ्गे पुलको निर्माणका लागि संघीय र प्रदेश सरकारसंग सहकार्य गर्दै बजेट व्यवस्थापन गरिने छ। मालुङ्गा-दरपुक मालुङ्गा-असेर्दी वेलचौर नौगाउँ क्षेत्रहरुमा पक्की पूल निर्माणका लागि संघीय सरकारसंग पहल गरिने छ।
- ✓ वडा नं.२ र वडा नं.४ जोड्ने गुठी शेरा इलुङ्गा कटुवाघाटमा मोटरेवल पुल, निर्माण गर्न पहल गरिने छ।
- ✓ सडक पुल लगायत भौतिक पूर्वाधार निर्माण गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण वातावरणीय प्रभाव मुल्याङ्कन सामाजिक प्रभाव मुल्याङकन तथा भौगर्भिक अध्ययन गरीने छ।
- ✓ सार्वजनिक र नीजी क्षेत्रका यातायात व्यवसायीहरुलाई यात्रुमैत्री बनाउन प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिने छ।
- ✓ नगरभित्रका सडकहरूको स्तरउन्नती गर्दै कालोपत्रे र ढलानका कामहरु गरिनेछ।

- ✓ गल्याङ बजारमा सडक बत्ती जडान गरीनेछ र सीसी क्यामराहरु थप व्यवस्थित गरि विस्तार गरिनेछ
- ✓ आर्थिक अभावका कारण विद्युत् सेवा जडान नगरेका सम्पूर्ण घरपरिवारलाई विद्युत् सेवा उपलब्ध गराइनेछ ।
- ✓ बाक्लो बस्ती भएका स्थानहरुमा लागत साझेदारीका आधारमा पक्कि सडक हरु विस्तार गरिनेछ।
- ✓ सार्वजनिक खुला स्थानहरुमा **Public Private Partnership** मोडलमा बाल तथा जेष्ठ नागिरक उद्यानहरु बनाउन पहल गरिनेछ ।
- ✓ नगरपालिकाभित्र नयाँ सडक निर्माण गर्दा स्वीकृति लिएर मात्र निर्माण गर्नुपर्ने निति अवलम्बन गरिनेछ ।
- ✓ बैकल्पिक उर्जाको विकासमा आवश्यक अध्ययन गरि कार्यक्रम कार्यान्वयन गरिनेछ। सुधारिएको चुलो बायोग्यास निर्माणमा सहुलियत प्रदान गरिने छ ।
- ✓ नगरस्तरीय सडकलाई मापदण्ड अनुसार विस्तार र स्तरोन्नति गरी राष्ट्रिय राजमार्गको भरपर्दो फिडरको रुपमा बिस्तार गरिनेछ । मापदण्ड नपुगेका सडकलाई गोरेटो बाटोको रुपमा नामाकरण तथा विकास गरिनेछ ।
- ✓ भवन तथा घरका संरचनाहरु निर्माण गर्दा भूकम्प प्रतिरोधि वातावरण मैत्री बनाउनका लागि अनिवार्य नक्सा पास गर्नेपर्ने नीति लिइने छ।
- ✓ आगामी ५ वर्ष भित्र वडाका केन्द्रलाई कालोपत्रे सडकले जोड्ने गरि कार्यक्रम कार्यान्वयनका लागि संघ र प्रदेशसंग सहकार्य गरिनेछ ।
- ✓ बुटवल पावर कम्पनीसंगको सहकार्यम बजार क्षेत्रभित्रका अव्यवस्थित तारहरुलाई व्यवस्थित बनाइने छ।केवल र इन्टरनेटका तारहरु थप व्यवस्थित गरिने छ।
- ✓ पूर्वाधार विकासमा सार्वजनिक निजि साझेदारीलाई प्रोत्साहित गर्दै बाक्लो र घना वस्ती क्षेत्रमा लागत सहभागितामा मार्फत कार्यक्रम कार्यान्वयन गरि विकासमा नागरिकको अपनत्व वृद्धि गरिनेछ ।
- ✓ नगर क्षेत्रभित्र एकिकृत नमुना वस्तिको विकाससंगै वस्ति व्यवस्थापनलाई गुरु योजना मार्फत व्यवस्थित गरिनेछ ।

- ✓ नगरपालिकाका मेशिनरी औजार प्रयोग गरि स्थानीय सडकहरुको बिस्तार तथा स्तरोन्नति गरिनेछ ।
- ✓ नया ट्र्याक खोल्दा वस्ति पर्यावरण र सम्पदाहरुको क्षति हुन नदिन उच्च सावधानी अपनाइने छ।ग्रामिण सडक स्तरोन्नती गरि नालि निर्माण ग्रावेल लगायतका कार्यहरु गरिने छ।
- ✓ ग्रामिण सडकहरुको मर्मत सम्भारका लागि असार, श्रावण र भाद्र महिनाका लागि हेरालु कामदारको व्यवस्था गरिनेछ ।
- ✓ आफ्नै वडा कार्यालय भवन नभएका वडा नं. २,४, ५ र ८ को कार्यालय भवन ५ वर्ष भित्रमा निर्माण सम्पन्न गरिने छ।
- ✓ गल्याङ नगर भित्रका रणनैतिक सडकहरु गल्याङ-चापाकोट,गल्याङ सेतिवेणी,गल्याङ निवुवाखर्क मोहनडाडा, गल्याङ तिनदोबाटे हुदै बारीकुना, गल्याङ कुरुङ्चे सेतिवेणी, गल्याङ चोक हुदै पिडीखोला, गल्याङ बमभञ्जाङ रिप गुठी इलुङ्गा मोतिचौर हुदै मोहनडाडा, गल्याङ कल्लेरी छेडा चितुङ स्यालवास,खोलाखर्क जलुके स्यालबास सडकहरुलाँई आगामी ५ वर्ष भित्र कालोपत्रे गर्ने गरि संघ र प्रदेशसंग सहकार्य गरि योजना निर्माण गरिने छ।
- ✓ गल्याङ तुल्सीभञ्जयाङ बज्रे तिनदोबाटे सडक खण्डमा संघिय सरकारको सहलगानीमा सडक स्तरोन्नती गरि कालोपत्रे गरिने छ।
- ✓ देविभञ्जयाङ ग्रह्रौसुर सडक स्तरोन्नती गरिने छ।
- ✓ करादी तिनदोबाट मैदान सडक स्तरोन्नती कार्य प्रदेश सरकारको समन्वयमा अगाडि बढाइने छ।
- ✓ पाखिचौर हुगीघाट पुल जोड्ने सडक स्तरोन्नतिका लागि प्रदेश र नेपाल सरकारसंग समन्वय गरिने छ ।
- ✓ नगर भित्रका विभिन्न वडाका स्थानीय गोरेटो तथा सडक स्तरोन्नतिका लागि प्रदेश र नेपाल सरकार संग समन्वय गर्दै स्थानीय श्रोत परिचालन गरिने छ ।
- ✓ शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ को पूर्ण पालना गरिने छ।टोल विकास समितिहरुलाई आवश्यक अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ।

- ✓ गल्याङ चक्रपथ निर्माण गरी लल्याङ बल्पु मुड्किल्ला गल्कोट बमभञ्जयाङ शिखरडाडा दिमिक जिमुहा वजार क्षेत्र  घोषणा गरि एकिकृत नमुना वस्ती निर्माणका लागि परियोजना प्रतिवेदन तयार  गरिने छ।
- ✓ यस गल्याङ नगरपालिकालाई खरको छानामुक्त बनाउनको लागि यसै आ.व.भित्रमा सबै खरको छाना भएका घरहरुलाई जस्तापातामा रुपान्तरण गरिने छ ।
- ✓ सिकर्मी, डकर्मी, निर्माण व्यवसायी तथा उपभोक्ता समुहलाई क्षमता विकास कार्यक्रम संचालन गरि दक्ष बनाइने छ।
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई  विशेष प्रभावकारी बनाइने छ।

## ♦ खानेपानी तथा सरसफाई

- ✓ एक घर एक धाराको प्रदेश तथा संघीय सरकारको नीतिलाई आत्मसाथ गर्दै आगामी ३ वर्षमा नगरभित्र एक घर , एक धारा कार्यक्रम लाई पूर्णता  दिई सवै घरधुरीमा स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ।
- ✓ गल्याङ बजार र नगर क्षेत्रको  खानेपानी समस्याको दिगो समाधानको लागि गल्याङ वृहत खानेपानी तथा सरसफाई आयोजनाका लागि संघ तथा प्रदेश सरकारसंग समन्वय गरि आवश्यक कार्यक्रम संचालन गरिने छ।
- ✓ प्रदेश सरकारबाट संचालन भएरहेको गल्याङ बजारमा ढल निकास कार्यक्रमलाई थप विस्तार गर्न पहल गरिने छ।
- ✓ संघीय तथा प्रदेश सरकारबाट  क्रमागत रुपमा संचालन भई नगरपालिकामा हस्तान्तरण भएका नगरभित्रका १० वटा वडामा संचालन रहेका खानेपानी योजनाहरु समयमा नै सम्पन्न गर्न वजेट व्यवस्थापनका लागि पहल गरिने छ।
- ✓ पानीका श्रोतहरु (मुल) को संरक्षणका लागि वृक्षारोपण सरसफाई भल तथा पहिरो नियन्त्रण लगायतका कार्यक्रमहरु संचालन गरिने छ।

- ✓ नगरभित्र शुद्ध पिउनेपानीको लागि विभिन्न खानेपानी हरुमा प्रेसर फिल्टर ट्रिटमेन्ट प्लान्ट जडान गर्ने कार्यको सुरुवात गरिने छ।
- ✓ नगरभित्रको फोहोरलाई व्यवस्थित गरी स्वच्छ र हराभरा नगरको रुपमा विकसित गरिनेछ।
- ✓ नगरभित्र विभिन्न सार्वजनिक स्थल र चोकहरुमा प्रतिक्षालय/ विश्रामस्थल, सार्वजनिक शौचालयको निर्माण तथा व्यवस्थापन गरिने छ र वजार चाप क्षेत्रमा घुम्ती शौचालय **Mobile Toilet** संचालनमा ल्याइनेछ।
- ✓ शौचालय विहीन अति विपन्न घर परिवारलाई शौचालय निर्माणका लागि वस्तुगत सहायता प्रदान गरिने छ।
- ✓ फोहोर व्यवस्थापन गर्न एक सरसफाई केन्द्र स्थापना गरिने छ।
- ✓ परम्परागत पानीका स्रोतहरूको संरक्षण गर्न पुर्ननिर्माण तथा जिणोद्वार गरिने छ ।
- ✓ गल्याङ बजार क्षेत्रबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन र ढल निकाशको लागि उचित व्यबस्थापन गरिनेछ ।
- ✓ आमा समुह युवा क्लव टोल विकास समिति लगायतलाई वातावरण सरफाईमा क्रियाशिल गराई उत्कृष्टलाई पुरस्कृत गरिने छ।

### ♦ सिंचाई

- ✓ नगरपालिका क्षेत्र भित्र प्रत्येक खेतियोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि प्लाष्टिक पोखरी, सिंचाई पोखरी, सिंचाई कुलो लगायत सिंचाई सुविधाहरु लिने गरि सिंचाई संरचना निर्माण तथा मर्मत सम्भार कार्यमा जोड दिइने छ।
- ✓ आक्वा सिंचाई योजनाको मर्मत तथा स्तरोन्नति गरि गल्याङ १ मालुङ्गा, ९ को वेलचौर र ११ को लवरकोटमा सिंचाई सुविधा विस्तार गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरि कार्यान्वयनमा ल्याइने छ।

- ✓ खेतियोग्य तथा सिंचाईयोग्य जमिनमा प्रर्याप्त सिंचाईको सुविधाको व्यवस्थाका लागि प्रदेश सरकार संघीय सरकारसंग सहकार्य गरिने छ।
- ✓ सिंचाई सुविधाका लागि वैकल्पिक कालिगण्डकी, आँधिखोला लिफ्टिङ सिंचाई पद्धतिको समेत प्रयोग गरिने छ।
- ✓ नगरको विभिन्न क्षेत्रमा बहुउपयोगी पुनर्जलिय Refill Tank निर्माण गरिने छ।
- ✓ सिंचाई सुविधाको लागि वैकल्पिक पद्धतिको अध्ययन समेत गरिने छ।

♦ **सहकारी तथा वित्तीय व्यवस्थाः**

- ✓ स्थानीय सहकारी कानूनको कार्यान्वयन तथा समयसापेक्ष परिमार्जन गरि सहकारी संस्थाको प्रवर्द्धन तथा नियमनका कार्यक्रम संचालन गरिनेछ ।सूचना प्रविधिको प्रयोग गरि सहकारी संस्थाको अनुगमन प्रभावकारी बनाइनेछ।
- ✓ बिषयगत सहकारी संस्थाहरुको समन्वय समिति गठन गरि सहकारीहरुको संस्थागत क्षमता अभिबृदिका कार्यक्रम संचालन गरिनेछ ।
- ✓ सहकारीसम्बन्धी जनचेतना अभियान तथा क्षमता विकास कार्यक्रम संचालन गरिने छ।
- ✓ सहकारी एवं सामुहिक खेति प्रणालीको नीति अवलम्बन गर्दै सहकारी संस्थामा रहेको बचतलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्न **"एक सहकारी एक उत्पादन"** कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- ✓ वित्तीय संस्थाहरुको तथ्याङ्क अध्यावधिक गर्दै सामाजिक उत्तरदायित्व प्रति जिम्मेवार बनाइने छ।
- ✓ नगर भित्रका सहकारी तथा वित्तीय संस्थाहरुको अनुगमन तथा कानुनी निर्देशन मापदण्ड कार्यान्वयन र नियमन कार्यमा विशेष जोड दिइने छ।
- ✓ नगरभित्र संचालित वित्तीय कारोवार गर्ने सहकारी संघ संस्थाहरुको लागत को ५ प्रतिशत व्याजदरमा विपन्न कृषि कर्जा लगानी गर्न प्रोत्साहन गरिने छ।

♦ **संस्कृति तथा पर्यटन प्रबर्द्धनः**

- ✓ यस नगर भित्र रहेका ऐतिहासिक पूरातात्विक  धार्मिक एंव पर्यटकिय महत्वका स्थानहरु मठ मन्दिरहरुको संरक्षण संवर्द्धन र विकास गरिने छ। सेतीवेणी शिला

शालिग्राम, रामनदिधाम, मालुङ्गा कोटगाउँ, तम्किकोट, भाल्थुमकोट, ग्वादी, बजादी, केदारनाथ, तार्सेसिद्ध, सेन्थुम्का सिद्धगुफा,रानिपोखरी, बंग्राती कालिका, देवीस्थान, गह्रौसुर, आलमदेवि, जगत्रदेवि, देविभन्ज्याङ,स्यालवास हात्तिस्थान, सम्पास शिला, मनकामना मन्दिर, उत्तरवाहिनी खाडा घाट, पाखिचौर सुनपोखरी, देउराली मन्दिर,गेझा कालिका गहौं भगवती मन्दिर चण्डेश्वरी मन्दिर विभिन्न कालिका मन्दिर लगायतका स्थलहरुलाई विशेष पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ ।

- ✓ धार्मिक, पौराणिक महत्वको स्थल उत्तरवाहिनी क्षेत्रलाई पूर्वीय दर्शनको खोज अध्ययन, ध्यान, साधनाको केन्द्र प्राकृतिक चिकिस्ता एवं देव तथा पितृकार्यको पवित्र स्थलको रुपमा विकास गरिनेछ ।
- ✓ नगरपालिकाभित्र रहेका सम्पूर्ण घाटहरुलाई व्यवस्थित गरिनेछ,रामनदिधाम राम्दिमा व्यवस्थित शवदाह स्थल निर्माण गर्न आवश्यक विस्तृत परियोजना प्रतिवेदन निर्माण, घाटसम्म पुग्ने सहज बाटो, प्रतिक्षालय एवं खानेपानीको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।
- ✓ गल्याङलाई साहसिक पर्यटनको हव बनाउनलाई कालीगण्डकी नदीमा र्‍याफ्टिङ, चिउरी-करादी क्षेत्रमा बन्जीजम्प, विभिन्न क्यानोनिङ र रक क्लाइम्बिङको सम्भाव्यता अध्ययन गरि PP मोडलमा लगानी भित्राई रोजगारीका अवसरहरु सृजना गरिनेछ ।
- ✓ सिरौशा, स्यालवास र जिमुहा क्षेत्रलाई कृषि पर्यटनको रुपमा विकसित गरिनेछ
- ✓ आन्तरिक तथा बाह्य पर्यटन पर्वद्धन गर्न नगरभित्रका राजमार्ग छेउछाउका होटल रेष्टुरेन्टहरुलाई व्यवस्थित मापदण्ड युक्त स्तरीय बनाउन होटल ब्यवसायि संघ संस्थासंग समन्वय गरिने छ ।
- ✓ वडा नं. २ को हुलाक डाँडा, लगाएत अन्य मनोरम स्थलहरुलाइ आकर्षक पिकनिक स्पोट तथा पार्कको रुपमा विकास गरिनेछ ।
- ✓ नया पर्यटकीय गन्तव्यहरुको पहिचान र विकास गरी पार्क उद्यान मनोरञ्जन स्थलहरुको विकास गरिने छ ।

- ✓ धर्म संस्कृति परम्परा रितिरिवाजहरुको संरक्षण र संवर्द्धनमा विशेष जोड दिइने छ।
- ✓ ऐतिहासिक पर्यटन **तम्किकोट पदमार्ग** निर्माण गरि विश्राम स्थलको निर्माण गरिने छ।

♦ **भुमि व्यवस्थाः**

- ✓ वैज्ञानिक भुमि व्यवस्थापन गरि भुमिको वर्गिकरण कृषि क्षेत्रको विशेष संरक्षण गरिने छ।
- ✓ भु-उपयोग योजना निर्माण गरि पालिकाका हरेक ठाउलाई जोनिङ गरि भिन्न भिन्न क्षेत्र र कृषि व्यापारिक संस्थागत वस्ती उपक्षेत्र घोषणा गरिने छ।
- ✓ सामाजिक संघ संस्थाहरुद्धारा निर्मित संरचनाको अभिलेख राखिने छ।
- ✓ नगर भित्रका सार्वजनिक जग्गा र खोल्सा खोल्सीको पहिचान र संरक्षण गरी अतिक्रमणलाई नियन्त्रण गर्दै प्राकृतिक मनोरञ्जन पार्क निर्माण गरिने छ।
- ✓ खाद्य असुरक्षित वर्ग समुदाय तथा क्षेत्रको पहिचान गरि जिवनयापनको लागि न्यनतम सहायता उपलब्ध गराइने छ चरम खाद्य असुरक्षित घरधुरीको आय तथा उत्पादकत्व वृद्धिका लागि विशेष सहुलियत सहितको कार्यक्रम संचालन गरिने छ।

♦ **महिला बालबालिका,सामाजिक सुरक्षा तथा समावेशिकरणः**

- ✓ निर्माणधीन तथा भविष्यमा बन्ने सरकारी कार्यालयहरुलाई अपाङ्गमैत्री बनाइनेछ।
- ✓ घरेलु हिंसा र ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह सम्बन्धी विबादलाई न्यायिक समितिले प्राथमिकताका साथ छिटो छरितो रुपमा निरुपण गर्ने नीति लिइनेछ ।
- ✓ अनाथ,असहायहरुका लागि विभिन्न संघ संस्थाको समन्वयमा आश्रयको व्यवस्था मिलाइने छ।
- ✓ संघ सरकारको साझेदारीमा व्यक्तिगत घटना दर्ता शिविर संचालन गरिने छ साथै व्यक्तिगत घटना दर्ता तथ्याङ्क लाई डिजिटल भण्डार गर्ने कार्यलाई निरन्तरता दिइने छ।

- ✓ सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत उपलब्ध गराउदै वित्तीय संस्थासंग सहकार्य गरी  अति असक्त नागरिकहरुलाई पायक पर्ने स्थान तथा वडा कार्यालय मा वितरण गर्न व्यवस्था मिलाइने छ।
- ✓ अपांग, असाहय, एकल, अती विपन्न र सुकुम्बासी एव द्धन्द प्रवाभित नागरिकलाई आर्थिक विकासको क्रियाकलापमा प्रोत्साहित गर्न गरिनेछ ।
- ✓ बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन गरी विद्यालय, बस्ति र वडा हुँदै नगरलाई बालमैत्री नगर घोषणा गर्ने निति अवलम्बन गरिनेछ ।
- ✓ भिन्न क्षमता भएका व्यक्तिहरु, महिला, दलित, विपन्न, बहिष्करणमा परेका समुदायहरुका लागि चेतनामूलक कार्यक्रम, आर्थिक विकास तथा सामाजिक विकासका कार्यलाई विस्तार गरिने छ।
- ✓ विपन्न दलित,दलित महिला राहत कार्यक्रम को रुपमा जिविकोपार्जनका लागि तालिम कार्यक्रम संचालन गरिने छ।
- ✓ लैंगिक हिंसा अन्त्य गर्न सचेतना कार्यक्रम संचालन गरी लैंगिक हिंसा मुक्त नगर को रुपमा विकास गरिनेछ ।
- ✓ सामाजिक विकासमा लैंगिक समानता र सामाजिक समावेशीकरणको नीति अवलम्बन गरिनेछ ।
- ✓ महिला शसक्तिकरण कार्यक्रम अन्तर्गत सीपमूलक तथा आय आर्जन सम्बन्धी कार्यक्रम संचालन गरिने छ।
- ✓ उत्पीडित दलित समुदायलाई कानून बमोजिम सुधारका कार्यक्रम अगाडि बढाइने छ।
- ✓ विपन्न नागरिक आवास निर्माण  कार्यलाई निरन्तरता दिइने छ।
- ✓ गल्याङ नगरपालिकालाई पूर्ण रुपमा छुवाछुत मुक्त नगरपालिका बनाउनका लागि सचेतना कार्यक्रम संचालन गरिने छ।
- ✓ नगर भित्रका विपन्न नागरिक संरक्षण कार्यक्रम संचालन गरि आर्थिक तथा सामाजिक रुपमा कमजोर समुदायका लागि विभिन्न रोग महामारी र विपदबाट संरक्षण गर्न आर्थिक सहायता तथा वस्तुगत सहायता प्रदान  गरिने छ।

- ♦ **युवा खेलकुद नवप्रवर्तनः**
  - ✓ स्वस्थ युवा,सबल युवा कार्यक्रम अन्तर्गत एक वडा एक खेल मैदान, निर्माणका लागि संघ तथा प्रदेश को समन्वयमा योजना निर्माण र बजेट व्यवस्था गरिनेछ।
- ✓ कुलत र दुर्व्यसन बाट मुक्त सृजनशील, संस्कारित युवा शक्ति निर्माणमा Say No to Drugs कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ युवाहरूको बहुआयमिक प्रतिभा विकासका लागि नगरस्तरीय खेलकूद प्रतियोगिता सन्चालन गरिनेछ ।
- ✓ मालुङ्गा , जिमुहा र बेलचौरमा क्रिकेट मैदान निमार्णका लागि पहल गरिनेछ गल्याङ नगरपालिकाको केन्द्र गल्याङ बजारमा कवर्डहल निर्माण गर्न पहल गरिनेछ।
- ✓ राष्ट्रपति रनिङशिल्ड लगायत अन्य खेलकुद गतिविधिको संचालन गरि युवा तथा वालवालिकाको खेल प्रतिको प्रतिस्पर्धी क्षमता विस्तार गरिने छ।
- ✓ उत्कृष्ट खेलाडी सम्मान तथा प्रतिभा पहिचान कार्यक्रम संचालन गरिने छ।
- ✓ युवाहरुमा स्वरोजगार उन्मुख गराउन युवा उद्यमशिलता प्रवर्धन कार्यक्रम संचालन गरिने छ।
- ✓ गल्याङ युवा क्लव खेलमैदन निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गरिने छ।

- ♦ **सूचना प्रविधि तथा संचार**
- ✓ डीजिटल नगर प्रोफाइल तयार गरिने छ साथै नागरिक वडापत्रलाई प्रविधियुक्त बनाइने छ ।
- ✓ अनलाईन दर्ता चलानी, डिजिटल डिस्प्ले प्रणाली विकास गरिनेछ। केन्द्रीकृत वेव वेस्ड ई-हाजीरी जडान गरि नगरपालिका, वडा कार्यालय, विद्यालय र

स्वास्थ्य संस्थाहरुमा सेवा प्रवाहमा एकरुपता कायम गरि चुस्तदुरुस्त बनाइने छ।

- ✓ प्रविधिको गलत प्रयोग र त्यसको अपराधबाट बच्ने उचित प्रयोगका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ।
- ✓ विद्युतीय शासनको महत्वपुर्ण साधनको रुपमा तयार गरिएको गल्याङ नगरपालिकाको APPS प्रयोग गरी आम नागरिकमा सूचनाको पहुँच विस्तार गरिने छ।
- ✓ सबै स्वास्थ्य संस्थामा इन्टरनेट सेवा उपलब्ध गराई IOT माध्यमबाट रिपोटिङ गर्ने व्यवस्था गरिने छ।
- ✓ सूचना तथा संचार प्रविधिलाई पूर्वाधार विकास संगैसंगै प्रयोगमा लगिनेछ ।
- ✓ नगरपालिकाको इन्टरनेट क्षमता बढाई कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी गरिनेछ ।
- ✓ नगरपालिका परिसरमा सूचना प्रविधि तथा तालिम कक्षको स्थापना गरिने छ
- ✓ नगरपालिकामा दर्ता चलानी तथा महत्वपूर्ण कागजपत्रलाई दिर्घकाल सम्म जोगाइराख्न अफिस अटोमेशन प्रणाली को विकास गरिने छ।

## ♦ वन, वातावरण तथा विपद व्यवस्थापन

- ✓ दिगो विकासको लक्ष अनुरुप बन तथा भुसंरक्षण, जलाधार संरक्षण तथा जलउत्त्पन्न प्रकोप नियन्त्रण,जलबायु परिवर्तन अनुकुलित वातावरण संरक्षण, र विपद व्यवस्थापनमा जोड दिइनेछ ।
- ✓ स्वच्छ र हरियाली वातावारणका लागि सार्वजनिक स्थलमा वृक्षरोपण गर्दै आधुनिक उद्यानको निर्माणमा जोड दिइनेछ ।
- ✓ नगर भित्र हुने भूस्खलन, बाढी पहिरो, जिमुहा, कर्मचौर पहिरो,लल्याङ पहिरो नियन्त्रण, लेमभित्ता, सेतिवेणी, राम्दी बस्ति संरक्षण र झोल्पे पहिरो नियन्त्रणका लागि संघ तथा प्रदेश सरकारको समन्वयमा आवश्यक रोकथामका लागि पहल गरिने छ।

- ✓ वन क्षेत्रको विकासको लागि सामुदायिक वनमा पुरानो काठ कुकाठलाई हटाई अति उपयोगी र बहुमुल्य काठको विकास गर्न वृक्षारोपण साथै जडिवुटी अध्ययन अनुसन्धान पहिचान,संकलन र बजारीकरणका लागि आवस्यक अध्ययन कार्य आगाडी बढाइनेछ ।

- ✓ वातावरण संरक्षण तथा विपद व्यवस्थापनका लागि कार्यविधिबाट व्यवस्थित गर्ने गरी विपद व्यवस्थापन कोष स्थापना गरी परिचालन गरिनेछ
- ✓ वातावरण संरक्षण, शहर एवं वस्ति सरसफाईका साथै विपद व्यवस्थापनमा युवा स्वयंसेवक अवधारणा ल्याइने छ ।
- ✓ सामुदायिक वनको खाली ठाउँमा डिभिज वन कार्यालयसँग समन्वय गरी वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।
- ✓ नगरभित्रका निर्माण सम्पन्न मुख्य सडक तथा ग्रामिण सडकको छेउ किनारामा वृक्षारोपण कार्यक्रम संचालन गरिने छ।
- ✓ बाढीपहिरो जोखिम क्षेत्रहरूको पहिचान गरी विपतको पूर्व सूचना प्रणालीको विकास गरिने छ।
- ✓ विकास योजनाहरूको २ प्रतिशतका दरले कट्टा गरि मर्मत सम्भार कोष को स्थापना गरिने छ।
- ✓ हाम्रा परम्परागत रुपमा संरक्षित हुँदै आइरहेका चौतरा पधेराहरूको संरक्षणको नीति अवलम्वन गरिनेछ ।
- ✓ माटो संरक्षणका लागि पहिरो सम्भावित क्षेत्र खोला, नदि तथा खोल्सीहरुमा गेविन तटवन्धन निर्माण कार्यलाई प्राथमिकता दिइने छ।

## ♦ संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- ✓ आगामी श्रावण १ गतेबाट नगरपालिकाको सम्पूर्ण भुक्तानी तथा आर्थिक कारोबार अनलाइन भुक्तानी प्रणाली (EFT)बाट मात्र गरिनेछ। र सेवा प्रवाहलाई थप सूचना प्रविधिमैत्री बनाई सरलीकृत गरिनेछ ।

- ✓ सेवाग्राहीमैत्री प्रशासन बनाउनका लागि सेवाग्राही र कर्मचारी विच अन्तर्किया कार्यक्रम संचालन गरिने छ।
  - ✓ नगरपालिकाको संगठन संरचना बमोजिमका शाखा प्रमुखहरू सँग कार्यसम्पादन करार गरी आवधिक प्रतिवेदन लिइनेछ।
  - ✓ जनप्रतिनिधिहरूको क्षमता विकास गर्न तालिम तथा प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
  - ✓ युवाहरुलाई निजामती, शिक्षक, प्रहरी, सेना, बैक तथा वित्तिय सेवा तयारी कक्षा संचालन गरिनेछ ।
- ✓ नगरपालिकाले सम्पादन गरेका कार्यहरु पारदर्शी बनाउन वेबसाइटमा प्रविष्टि गर्ने कार्यलाई निरन्तरता दिदै विद्युतीय शासनको अवधारणा अवलम्वन गरिनेछ ।
- ✓ सेवाग्राहीहरुलाई सेवा प्राप्तिमा आइपर्ने समस्या समाधान गर्न हेल्प डेस्क संचालनम ल्याइने छ।
- ✓ खर्चको विवरण वेवसाइट मार्फत सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिने छ भने आन्तरिक लेखा परीक्षण लाई प्रभावकारी बनाइने छ।
- ✓ स्थानीय संचार माध्यमलाई प्रवर्धन गर्दै सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिकपरिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- ✓ यस नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा रहेका नागरिक वडापत्रहरुलाई अध्यावधिक गरि डिजिटल वडापत्रमा रुपान्तरण गरिनेछ ।
- ✓ नगरसभा तथा कार्यपालिकाबाट नयाँ कानून निर्माण तथा पुराना कानून परिमार्जन गरि कानुनको शासन स्थापित गर्दै भ्रष्टाचार विरुद्ध सुन्य सहनशीलताको नीति अनुसरण गरिनेछ ।
- ✓ नगरसभा वा कार्यपालिकाले अनुमोदन गरेका ऐन, नीति, नियम, निर्देशिका, कार्यविधि, आदेशपत्र वा नगरपालिकाले प्रदेश सरकार, नेपाल सरकारसंग गरेका सम्झौताहरु राजपत्रमा प्रकाशित गरि सर्वसाधारण समेतलाइ नियमानुसारको सशुल्क/निशुल्क उपलब्ध गराइनेछ ।

- ✓ नगरपालिका अन्तर्गत कार्यरत उत्कृष्ट कार्यसम्पादन भएका जनप्रतिनिधि,कर्मचारी, शिक्षक, उपभोक्ता समितिलाई नगरसभाबाट प्रोत्साहन स्वरुप **पुरस्कार** प्रदान गरिनेछ ।
- ✓ सेवा प्रवाहमा आवश्यक श्रोत साधनको व्यवस्थापन गरी सम्पुर्ण कर्मचारीलाई प्रोत्साहित गर्दै प्रभावकारी रुपमा जनमुखी सेवा प्रवाह गरिनेछ । कार्यपालिकाबाट निर्धारित कार्यविधि बमोजिम कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराइने छ।
- ✓ नगरपालिकाको चालु खर्च व्यवस्थापनलाई नतिजामुलक बनाउदै आन्तरिक श्रोत परिचालनमा वृद्धि गरिनेछ ।

**नगरसभाका सदस्यहरु,**

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चरको आर्थिक वृद्धि सामाजिक आर्थिक क्षेत्र गतिशिल भै आर्थिक वृद्धि र पारस्पारिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुने छ।यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु।

यस नीति तथा कार्यक्रम प्रस्ताव गर्दा संघ,प्रदेश र स्थानीय श्रोत साधनको परिचालन गरी विकासलाई समावेशी र समन्यायिक बनाउदैं जनशक्ति विकास, रोजगारी श्रृजना र शुसासन कायम गर्ने उद्देश्यलाई केन्द्रविन्दुमा राखिएको छ ।अन्तमा देश भित्र र बाहिर रहनु भएका नगरबासीहरु आमा वुवा दाजु भाइ तथा दिदि वहिनिहरु, जनप्रतिनिधि,राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, निजि तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचारकर्मी तथा सम्पुर्ण नगरवासीहरुलाई धन्यवाद दिन चाहन्छु ।